# म्याग्दी जिल्लाभित्र निजीस्तरमा संचालित स्वास्थ्य संस्थाहरुका लागि अत्यन्तै जरुरी सूचना !

जनस्वास्थ्य सेवा नियमावली २०७७ को परिच्छेद ४ र ५ तथा स्वास्थ्य संस्थाको स्वीकृती,नवीकरण, अनुगमन तथा नियमन गर्ने कार्यविधि २०७७ मा भएको व्यवस्था बमोजिम म्याग्दी जिल्ला भित्र निजीस्तरमा संचालित २५ देखि २०० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पताल, डेन्टल क्लिनीक, विशेषज्ञ क्लिनीक, पोलिक्लिनीक,आँखा उपचार केन्द्र, "सी" वर्गको प्रयोगशाला, "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर, डायलासीस केन्द्र (२५ शैयासम्म) , पुनर्स्थापना केन्द्र (२५ शैयासम्म), हस्पिस सेन्टर लगायतका स्वास्थ्य सेवा दिने संस्थाहरुको स्वीकृती, नवीकरण तथा स्तरोन्नति गर्नको लागि प्रदेश जनस्वास्थ्य कार्यालय बेनी म्याग्दी मार्फत प्रादेशिक स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्ने भएकोले जनस्वास्थ्य नियमावली २०७७ को अनुसुची १० र १२ (जनस्वास्थ्य नियमावली २०७७, https://lawcommission.gov.np/content/12609/12609-public-health-service-regulati/)बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**<u>थप जानकारीका लागि सम्पर्क व्यक्तिः</u>**

डा. रामु सापकोटा- मेडिकल अधिकृत- सदस्य/जिल्लास्तरीय अनुगमन समिति
फोन नः ९८६३४-९३७५८
भावना शर्मा- सदस्य सचिव/जिल्लास्तरीय अनुगमन समिति
फोन नः ९८५७६-४०६९७

**प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दी ।**